# ११
# सर्वदा भनिएको
# अर्को महान कथा

सन् १९६५ मा एउटा चलचित्र कम्पनीले खीष्टको जीवनमा आधारित एउटा चलचित्र प्रदर्शन गऱ्यो जसको नाम **ग्रेटेष्ट स्टोरी एभर टोल्ड** थियो । खीष्टको जन्मबाट सुरु गरेर त्यस चलचित्रले उहाँको पृथ्वीको सेवाकाई, अस्वीकार, क्रूसमा टाँगिनुभएको, गडाई र पुनरुत्थानलाई चित्रण गरेको थियो । यद्यपि त्यस चलचित्रको निर्माण बाइबलको ईश्वरीय अभिलेख अनुसार येशूलाई चित्रण गर्ने कार्यमा विश्वसनीय थिएन, तर यसको थोरै अंश खीष्टको वास्तविक जीवनको सर्वदा भनिएको महान कथाको रुपमा रहेको छ ।

यदि येशूको जन्म, जीवन, मृत्यु र पुनरुत्थान सर्वदा भनिएको महान कथा हो भने, सर्वदा भनिएको अर्को महान कथा कुन होला ? जब कसैले नयाँ करारको प्रेरितको पुस्तक पढ्छन् भने यसको उत्तर स्पष्ट हुनेछ : सर्वदा भनिएको दोश्रो महान कथा भनेको हाम्रा प्रभुको मण्डलीको स्थापना हो ।

परमेश्वरको राज्य, मण्डली स्थापना भएको कथा कसैले अपेक्षा गर्ने जस्तै, उच्च साहस र कसिलो उत्तेजनाले भरिएको छ । प्रेरितमा भएको एउटा अध्याय - अध्याय २ ले - यो घटना वर्णन गरेको छ ।

आउनुहोस् हामी प्रेरितमा भएको यस अध्यायलाई यो एउटा अध्याय नै पूर्ण पुस्तक अथवा पूरा कथा हो भन्ने मानी पुनरावलोकन गरौं । यसले हामीलाई यो कथालाई बाध्यपार्ने र प्रेरणा दिने भागहरुमा विभाजन गर्ने अनुमति दिन्छ । सर्वदा भनिएको अर्को महान कथाको प्रत्येक अध्यायले मण्डली स्थापना बारेको एउटा रोचक पाटो प्रस्तुत गर्नेछ ।

## अध्याय एक
## "ईश्वरबाट खन्याइएको"

जब हामी पुस्तक सुरु गर्दछौं, हामी पहिलो अध्याय खोल्न पुग्दछौं, जसको शीर्षक "ईश्वरबाट खन्याइएको" राखिएको छ ।

लूका, प्रेरितका लेखक, भन्दछन्, "जब पेन्तिकोसको दिन आयो, तिनीहरु सबै एकै ठाउँमा भेला भएका थिए" (२:१) । यो कथाको पृष्ठभूमि, त्यसैकारण, पेन्तिकोसको दिनको ऐतिहासिक शहर यरुशलेम हो । यशैया (यशैया २:२-४) र मीका (मीका ४:१-३) ले अगमवाणीद्वारा यरुशलेमलाई जहाँबाट "पछिल्लो दिन" भनिने युगको सुरुवातमा परमेश्वरको व्यवस्था निस्कि आउने छ भनी चिनाएका थिए । पेन्तिकोस एउटा पुरानो करारको चाडको दिन थियो जुन अन्न भित्र्याउँदा मनाइन्थ्यो (प्रस्थान २३:१६) । सारा रोमी साम्राज्यबाट, यहूदी पुरुषहरु उनीहरुका परिवारका साथ यो महत्वपूर्ण पुरानो करारको चाड मनाउन यरुशलेममा आएका थिए ।

जब पेन्तिकोसको दिन पूर्ण रुपमा आयो, केही अनौठो कुरा हुन गयो :

> अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्का जस्तै एउटा आवाज आयो र तिनीहरु बसेको पूरा घरै भरिदियो । आगोका जिब्राहरुजस्ता तिनीहरुकहाँ देखापरे, भाग-भाग भएर तिमीहरु हरेक माथि बसे । अनि तिनीहरु सबै पवित्र आत्माले भरिए र पवित्र आत्माले तिनीहरुलाई दिनुभएको उच्चारण बमोजिम तिनीहरु अन्य भाषाहरुमा बोल्न लागे (प्रेरित २:२-४)

त्यसेबेला प्रेरितहरु मात्र थिए जसले खन्याइनुभएको पवित्र आत्मा प्राप्त गरेका थिए । प्रेरित २ र प्रेरित २ सम्म डोऱ्याउने प्रसंगले त्यसलाई स्पष्ट गर्दछ । प्रथमत, प्रेरित २:१ मा भएको "तिनीहरुको" अर्थ प्रेरित १:२६ मा उल्लेख गरिएका "एघार प्रेरितहरु" हुन् । जब यो कथा खुल्दै जान्छ प्रेरितहरु आकर्षणको केन्द्र हुँदै जान्छन् । दोश्रो, पवित्र आत्मा आउनुभएको प्रसंगले (प्रेरित २:१-२१) प्रेरितहरु बाहेक अरु कसैले पवित्र आत्माको बप्तिष्मा पाएका थिए भन्ने कही पनि संकेत गरिएको छैन । त्यो भिड जो आत्माद्वारा प्रेरितहरुबाट विभिन्न भाषाहरु बोलिएको साक्षी भएको थियो, त्यसले प्रेरितहरुलाई ती बोल्नेहरुको रुपमा चिनेको र मानिलिएको थियो (प्रेरित २:७) ।

यो पवित्र आत्मा खन्याइनु भन्दा तीन वर्ष अघि, प्रेरितहरुलाई विभिन्न परिस्थितिहरुमा कसरी एक दिन उनीहरुलाई ख्रीष्टले पवित्र आत्माले बप्तिष्मा दिनुहुनेछ भनी प्रतिज्ञा गरिएको थियो । ख्रीष्टको सेवाकाई सुरु हुने अवस्थामा, बप्तिष्मा दिने यूहन्नाले भनेका थिए, "म चाहिँ त तिमीहरुलाई पश्चातापको लागि पानीले बप्तिष्मा दिन्छु, तर म पछि आउनुहुने मभन्दा अझ शक्तिशाली हुनुहुन्छ, जसका जुत्ता बोक्ने योग्य म छैनँ । उहाँले तिमीहरुलाई पवित्र आत्मा र आगोले बप्तिष्मा दिनुहुने छ" (मत्ती ३:११) । उहाँको स्वर्गारोहण हुनुभन्दा थोरै अघि येशूले तिनीहरुलाई भन्नुभएको थियो, "किनभने यूहन्नाले त पानीले बप्तिष्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्माले तिमीहरुको बप्तिष्मा हुनेछ" (प्रेरित १:५) । उहाँको स्वर्गारोहणको समय ख्रीष्टको छुट्टिने बेलाको वचनले उहाँका प्रेरितहरुलाई तिमीहरुले पिताले गर्नुभएको प्रतिज्ञा र माथिबाट शक्ति प्राप्त नगरुन्जेल यरुशलेममा बस भन्ने निर्देशन दिएको थियो (लूका २४:४६-४९, प्ररित १:४) । अब, यो पवित्र आत्मा खन्याइएबाट जुन पेन्तिकोसको दिनको बिहान हुन आएको थियो, प्रभुका पवित्र आत्मा प्रेरितहरुमाथि आउनुहुने बारेका सबै प्रतिज्ञाहरु पूरा भएका थिए ।

जब यसरी पवित्र आत्मा स्वर्गबाट खनाइएको थियो, त्यसबेला केही कुरा सुनिएको थिया : ... अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्का जस्तै एउटा आवाज आयो ... (प्रेरित २:२) । केही कुरा देखिएको पनि थियो : "आगोका जिब्राहरुजस्ता तिनीहरुकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरु हरेकमाथि बसे" (प्रेरित २:३) । केही कुरा अनुभव पनि गरिएको थियो : मानिसहरुले प्रेरितहरुलाई बोलीहरु अथवा भाषाहरु बोलेको देखेर आत्मा आउनुभएको, र त्यसरी आत्माले उनीहरुलाई शक्ति दिनुभएको देखेका थिए । प्रेरितहरुले ती मानिसहरुको भाषा बोलेका थिए भन्नेमा कुनै शंका गरिनु हुँदैन जसले बतासको झोक्काको जस्तै आवाज सुनेका थिए र त्यहाँ के भइरहेको छ भनेर हेर्न भेला भएका थिए । जब मानिसहरुले प्रेरितहरुबाट उनीहरुले के सुनिरहेका थिए भन्ने कुरा भनेका थिए, उनीहरुले ग्रीक शब्दहरु "dialektos" ("भाषा" भनी अनुवाद गरिएको, प्रेरित २:६, ८) र glossais ("बोलीहरु" भनी अनुवाद गरिएको, प्रेरित २:११) प्रयोग गरेका थिए ।

प्रेरितहरु तीन ईश्वरीय उद्देश्यले पवित्र आत्माद्वारा बप्तिष्मा भएका थिए । पहिलो, उनीहरु प्रेरणाको उद्देश्यले बप्तिष्मा भएका थिए । पवित्र आत्माले तिनीहरुलाई प्रेरणा दिन लाग्नुभएको थियो जसले गर्दा उनीहरुले परमेश्वरको प्रकाश मानिसहरुलाई दिन सकेका हुन् । ख्रीष्टले प्रेरितहरुलाई प्रतिष्ज्ञा गर्नुभएको थियो, "तर सल्लाहकार, अर्थात पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरुलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरुलाई भनेका सबै कुरा तिमीहरुलाई याद दिलाउनुहुनेछ" (यूहन्ना १४:२६) । अब, पवित्र आत्मा आउनुभएर ख्रीष्टले उहाँको प्रेरितहरुलाई गर्नुभएको यो प्रतिज्ञा पूरा भएको थियो ।

दोश्रो, उनीहरुले प्रचार गरेको सन्देश परमेश्वरबाट आएको हो भन्ने प्रमाणित गर्ने उद्देश्यले पनि उनीहरुले पवित्र आत्माको बप्तिष्मा पाएका थिए । उनीहरुले आश्चर्यकर्महरु, चिन्हहरु र आश्चर्यपूर्ण कार्यहरु गर्ने शक्ति, उनीहरुले प्रचार गर्न लागेको सन्देशलाई प्रमाणित गर्नको निम्ति पवित्र आत्माबाट पाएका थिए । ख्रीष्टले प्रतिज्ञा गर्नुभएको थियो, "विश्वास गर्नेहरुसँग यी चिन्हहरु हुनेछन् - मेरो नाउँमा तिनीहरुले भूतहरु धपाउनेछन्, तिनीहरुले नयाँ भाषाहरुमा बोल्नेछन्, तिनीहरुले सर्पहरु समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरुको हानि गर्नेछैन । तिनीहरुले

रोगीहरुमाथि आफ्ना हात राख्नेछन् र तिनीहरु निको हुनेछन्" (मर्कूस १६:१७, १८) । यो प्रतिज्ञा जब प्रेरितहरुले आश्चयपूर्ण कार्यहरु गर्ने थिए आत्माद्वारा पूरा हुन लागेको थियो, जसले उनीहरु परमेश्वरबाट पठाईएका मानिसहरु हुन् भन्ने प्रमाणित गर्ने थियो । यो पूरा भएको एउटा प्रमाण प्रेरित १४:३ मा देख्न सकिन्छ : "प्रभुको भरोसामा साहससँग बोल्दै धेरै समयसम्म पावल र वारनाबास त्यहाँ रहे । प्रभुले तिनीहरुको हातबाट चिन्हहरु र अचम्मका कामहरु गराईकन आफ्नो अनुग्रहको वचनको गवाही दिनुभयो ।"

तेश्रो, प्रेरितहरुले यसकारण पवित्र आत्माबाट बप्तिष्मा भएका थिए जसले गर्दा उनीहरुले अरु खीष्टियानहरुमाथि हात राखेर उनीहरुलाई आश्चर्यपूर्ण कामहरु गर्ने वरदानहरु दिन सकेका हुन् । यो शक्ति प्रदान गरिएको एउटा उदाहरण प्रेरित ८:१४-२४ मा उल्लेख गरिएको छ : पत्रुस र यूहन्ना दुई प्रेरितहरु नयाँ परिवर्तन भएकाहरुको निम्ति उनीहरुमाथि हात राख्न र उनीहरुलाई पवित्र आत्माको आश्चर्यपूर्ण कामको वरदान दिने । प्रार्थना गर्न यरुशलेमबाट सामरियामा पठाईएका थिए, उनीहरु फिलिपको प्रचारद्वारा खीष्टमा आएका थिए ।

यो "सर्वदा भनिएको अर्को महान कथाको" सुरुवातको अर्थ तपाईलाई र मलाई के लाग्दछ ? यसको अर्थ के हो भने नयाँ करारमा पाइने प्रकाश हाम्रो निम्ति प्रेरणा प्राप्त मानिसहरुद्वारा दिइएको थियो । हामी नयाँ करारका सन्देशहरु एकदमै ठीक र अचूक छन् भनी भरोसा गर्न सक्दछौं । परमेश्वरले आफ्ना प्रेरितहरुलाई पवित्र आत्माको बप्तिष्माद्वारा शक्ति प्रदान गर्नुभएको थियो, प्रेरितहरुले, त्यसको साटो, उनीहरुको हात राखेर, पवित्र आत्माको आश्चर्यकर्म गर्ने बरदान अरु खीष्टियानहरुलाई दिएका थिए । यसरी नयाँ करारका लेखकहरुले प्रेरणा प्राप्त गरेका थिए, उनीहरु आत्माद्वारा अगुवाई गरिएका मानिसहरु थिए । हामीहरुले नयाँ करार मानिसलाई दिइएको परमेश्वरको प्रकाश हो भनी निर्धक्कसँग विश्वास गर्न सक्दछौं ।

## अध्याय दुइ
## "त्यो शक्तिशाली उपदेश"

**सर्वदा भनिएको अर्को महान कथाको** अध्यायलाई शक्तिशाली प्रवचनको शीर्षक दिइएको छ । जुन दिन मण्डली स्थापना भएको थियो त्यो दिन प्रवचनको दिन थियो । पहिला त, सबै प्रेरितहरुले स्पष्ट रुपमा विभिन्न जातिय समूहहरुका भाषाहरु अथवा बोलीहरु "परमेश्वरका महान कार्यहरुको" चर्चा गर्दै बोलेका थिए (प्रेरित २:११) । त्यसपछि पत्रुसले एघारै जनासँग खडा भएर सम्भवत ग्रीक भाषामा बोलेर, त्यस समयको विश्वव्यापी भाषामा, येशू नै प्रभु र खीष्ट दुवै हुनुहुन्छ भन्ने घोषणा गर्दै एउटा लामो प्रवचन दिएका थिए (प्रेरित २:१४) ।

ठूलो बतासको जस्तो आवाजले गर्दा एकै ठाउँ भेला भएका मानिसहरु यहूदीहरु थिए, जसले गर्दा यो पहिलो सुसमाचार प्रचारका निम्ति असामान्य सम्भावना प्राप्त भएको थियो । तिनीहरु परमेश्वरमा विश्वास गर्थे र पुरानो करारको धर्मशास्त्र राम्ररी थाहा थियो । तिनीहरु सुसमाचारको सन्देश ग्रहण गर्नको निम्ति मानसिक रुपमा तयार अवस्थामा थिए । तिनीहरुसँग खीष्टलाई धेरै देशहरुमा लाने अवसर पनि प्राप्त थियो । तिनीहरु रोमी साम्राज्यको विभिन्न भागहरुबाट आएका थिए । ती मानिसहरु जसले सुसमाचार ग्रहण गर्ने थिए र पछि त्यसको साथ उनीहरुको देशमा फर्कने थिए उनीहरुद्वारा खीष्टियानिटी तुरुन्तै फैलन सक्ने मौका पनि त्यहाँ थियो ।

प्रेरणाद्वारा, लूकाले पत्रुसले प्रचार गरेको उपदेश हाम्रो निम्ति संक्षेपमा उपलब्ध गराएका छन् (प्रेरित २:१४-३६) । पत्रुसले प्रचार गरेको उपदेशमाथि उनले दिएको यो महत्वपूर्ण दृष्टिकोणलाई दुई अथवा तीन फरक तरिकाले वर्णन गर्न सकिन्छ, तर आउनुहोस् यसलाई हामी एउटा विशेष संभाषणको औपचारिक तत्वहरु अनुसार, यसका परिचय, मूल भाग र निष्कर्षलाई हेर्दै वर्णन गरौं ।

पत्रुसले आफ्नो उपदेश उनका श्रोताहरु जहाँ थिए त्यहीबाट सुरु गर्दछन् । केही मानिसहरुले हाँसो गर्दै भनिरहेका थिए, “तिनीहरु नयाँ मधले मातेका छन्” (प्रेरित २:१३) । सुसमाचारको शिक्षकसँग असल ख्याती बाहेक अरु कुनै थोक पनि हुन सक्दछ । कुनै शिक्षक जसको विश्वासयोग्य चरित्र र भरोसायोग्य ख्याती छैन भने उसको मुख बोल्नलाई खोल्नुभन्दा अघि नै उ असफल हुने नियति हुन्छ । उसले जति नै शक्तिशाली रुपमा सुसमाचार प्रस्तुत गरे तापनि उसलाई विश्वास गरिने र आदर गरिने छैन ।

यो कुनै आश्चर्य होइन, त्यस बेला, पत्रुसले यो प्रवचन प्रेरितहरु विरुध्द लगाइएको दोषको जवाफ दिँदै सुरु गर्दछन् । उनी तिनीहरुले गलत रुपमा बुझेको तथ्यप्रति दुइ सत्यहरुका साथ प्रतिकृया जनाउँदछन् : पहिलो, उनी यो के होइन भनी सुरु गर्दछन् । उनी तिनीहरुको सामान्य बुध्दिलाई पुनर्विचार गर्न भन्दछन् । उनी भन्छन्, “किनभने तपाईहरुले ठान्नुभएझैं यिनीहरु मातेका छैनन, किनकि अहिले बिहानको नौ मात्र बजेको छ” (प्रेरित २:१५) । पत्रुस भनिरहेका थिए, “यसको स्पष्टिकरण मातेको भन्ने हुन सक्दैन, किनभने कुनै पनि सामान्य यहूदी पेन्तिकोस जस्तो महत्वपूर्ण दिनमा त्यति बिहानै मात्न सक्दैन । सामान्य बुध्दिले पनि तपाईहरुलाई हामी मातेका छैनौं भनी भन्नेछ ।” दोश्रो, पत्रुस त्यो के भएको थियो भनी वर्णन गर्दछन् । उनी धर्मशास्त्र उल्लेख गर्दछन् जब उनी भन्छन्, “तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो” (प्रेरित २:१६) । त्यसपछि उनी योएल २:२८-३२ लाई उल्लेख गर्नतर्फ लाग्दछन् (प्रेरित २:१७-२१) । यसरी त्यहाँ पेन्तिकोसको दिनमा आत्मा खन्याइएको कुरा, कम्तिमा पनि आंशिक रुपमा, “आखिरी दिनहरु” भनिने युगको सुरुवात भएको सम्बन्धी भविष्यवाणी हो भन्नेमा शंका नरहोस् । यसका निम्ति हामीसँग पत्रुसका वचनहरु छन् । उनका वचनहरु “योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो” लाई यस प्रश्नको पूर्ण र अन्तिम उत्तरको रुपमा लिइनु पर्दछ ।

यो आत्माको खन्याईले “आखिरी दिनहरुको” युग सुरुवात गऱ्यो । जब प्रेरितहरुले पवित्र आत्माको बप्तिष्माबाट शक्ति प्राप्त गरे, मण्डली आरम्भ भएको आश्चर्यपूर्ण युग शुरु भयो । पछि प्रेरितमा, जब प्रेरितहरुले अरुहरुमाथि हात राखे खष्टियानहरु, छोराहरु र छोरीहरुले अगमवणी बोले, युवकहरुले दर्शन देखे, बुढापाकाहरु स्वप्नदर्शी बने, र दास-दासीहरुले अगमवाणी बोलेका थिए (प्रेरित ६:६, ८:४-८, १४-२४, २१:८-९) । यो प्रेरितहरुमाथि खनाइएको एउटा मुहान थियो जसले खीष्टियानिटीको सुरुको समयको आश्चर्यजनक खोलाहरु उत्पन्न गरेको थियो । प्रेरितिय हात राखेर प्रदान गरिएको आत्माको आश्चर्यकर्मको वरदान, परमेश्वरले नयाँ करारको लिखित स्वरुप पूराभ एर प्राप्त नभएसम्म शिशु मण्डलीलाई अगुवाई गर्न प्रयोग गर्न लाग्नुभएको थियो । नयाँ करारको लिखित स्वरुप पूरा भइसकेपछि, प्रेरितहरुको मृत्यु र जसलाई प्रेरितहरुले उनीहरुको हात राखेका थिए उनीहरुको मृत्युपछि, मण्डलीको आश्चर्यजनक सुरुवात समाप्त भयो र आत्माले मण्डलीलाई लिखित वचनद्वारा अगुवाई गर्ने युगको आरम्भ भयो ।

त्यसपछि, पत्रुसको परिचयले, भिडलाई त्यो घटना के होइन र त्यो घटना के थियो भन्ने देखाउँदछ । उनी तिनीहरुको सामान्य ज्ञानलाई आव्हान गर्दछन् र उनी धर्मशास्त्रलाई पुनर्विचार गर्न भन्दछन् । उनले आफ्ना श्रोताहरुलाई उनीहरु जहाँ थिए त्यहाँबाट उनीहरुले पुनर्विचार गर्न तयार हुनुपर्ने येशू मासीह हुनुहुनु भन्ने प्रमाणहरुतर्फ लैजान्छन् ।

पत्रुसको प्रवचनका अंश येशू नै खीष्ट हुनुहुन्छ भन्ने प्रमाणका विभिन्न हरफहरुको प्रस्तुति मिलेर बनेको छ । यदि तपाईलाई हजारौं मानिसहरुको भेला अघि खडा भएर येशू नै खीष्ट हुनुहुन्छ भनी विश्वास गर्न सकिने प्रमाणको सूची प्रस्तुत गर्न भनियो भने, तपाई के प्रमाणहरु प्रस्तुत गर्नुहुन्छ ? आउनुहोस् हामी उनले प्रस्तुत गरेको सूची हेरौं र त्यससँग हाम्रो सूची मिलाऔं ।

जब दोहोऱ्याउने काम सकिन्छ, पत्रुस प्रमाणका पाँच हरफहरु सूचीकृत गर्दछन् र वर्णन गर्दछन् । पहिला, उनी खीष्टका आश्चर्यकर्मका प्रमाणहरु तर्फ देखाउँछन् । उनी भन्छन्, “... नासरतका येशू यस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले शक्तिशाली कामहरु, अचम्मका कामहरु र

चिन्हहरुद्वारा तपाईहरुका सामुन्ने प्रमाणित गर्नुभयो" (प्रेरित २:२२) । त्यो आश्चर्यकर्महरुको साक्षी नै थियो जसले निकोदेमसलाई ख्रीष्ट परमेश्वरबाट आउनुभएको हो भन्ने विश्वास दिलाएको थियो । उनको त्यो ख्रीष्टसँगको रातको भेटमा, निकोदेमसले भनेका थिए, "गुरुज्यू, हामी जान्दछौं तपाई परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ: किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईले गर्नुभएका यी चिन्हहरु कसैले गर्न सक्दैन" (यूहन्ना ३:२) । यदि एउटा पूर्णरुपमा विश्वसनीय, एउटा इन्कार गर्न नसकिने भरोसायोग्य अभिलेखले, हामीलाई येशूले साँचो आश्चर्यकर्महरु गर्नु भएको थियो भनी घोषणा गर्दछ भने, हामी पनि त्यस साक्षीद्वारा ख्रीष्टका आश्चर्यपूर्ण कार्यहरु प्रति निकोदेमसले जस्तै प्रतिकृया जनाउन बाध्य हुँदछौं - हामी उहाँ परमेश्वरबाट आउनुभएको थियो भनी विश्वास गर्न बाध्य हुनेछौं । परमेश्वरको वचन, बाइबल, यस पृथ्वीमा भएको सबैभन्दा विश्वसनीय सूचनाको श्रोतले, येशूले वास्तविक आश्चर्यजनक कार्यहरु गर्नुभएको थियो भनी गवाही दिएको छ । यो प्रमाणले एउटै निष्कर्षतर्फ इंगित गर्दछ - उहाँ परमेश्वरबाट "स्वीकृत" हुनुहुन्थ्यो, आश्चर्यकर्महरुद्वारा प्रमाणित उहाँले परमेश्वरका पुत्रले जस्तै काम गर्नुभएको थियो । पत्रुसले आफ्ना श्रोताहरुलाई ख्रीष्टको आश्चर्यकर्महरुको सम्झना गराएका थिए र त्यस प्रमाणले माग गर्ने तार्किक निष्कर्षलाई स्वीकार गर्न आव्हान गरेका थिए ।

> दोश्रो, पत्रुसले उनका श्रोताहरु अगाडी **पुनरुत्थानको प्रमाण** राखिदिएका थिए । उनी भन्दछन्, परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरुका हातद्वारा तपाईहरुले क्रूसमा टाँगेर मार्नुभयो । उहाँलाई परमेश्वरले मृत्युको पीडाबाट छुटकारा दिएर जीवित पार्नुभयो । किनकि मृत्युको अधीनमा उहाँ भइरहनु असम्भव थियो (प्रेरित २:२३, २४) ।

पुनरुत्थान सबै प्रेरितहरुको प्रचारको महत्वपूर्ण अंश थियो । यो एउटा यस्तो तर्क थियो जसलाई यहूदीहरुले जवाफ दिनै सक्दैनथे । ख्रीष्टको पुनरुत्थानले डरपोकलाई साहसी र साहसीलाई डरपोक मानिसहरु बनाइदिएको थियो । ती यहूदीहरु जसले साहसको साथ पिलातसको अघि "त्यसलाई क्रसमा टाँग" भनी कराएका थिए (मत्ती २६:२२), रित्तो चिहानको सत्यताले गर्दा डरले पछि हटेका थिए । पत्रुस, जसले येशूको इन्साफमा डराएर "म ती मानिसलाई चिन्दिनँ" (मत्ती २६:७२) भनेका थिए, रित्तो चिहानबाट नजिकै भेला भएको एउटा ठूलो भिडलाई साहसका साथ उहाँको पुनरुत्थानको बारेमा प्रचार गरेका थिए ।

पुनरुत्थानले येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने निर्णायक प्रमाण उपलब्ध गराएको छ । कसैले ख्रीष्टको ईश्वरत्वलाई इन्कार गर्न सक्ने एउटै उपाय भनेको उहाँको मृतकबाट भएको पुनरुत्थानलाई इन्कार गर्नु हो । पुनरुत्थानले ख्रीष्टियानिटीलाई विशिष्ट स्थानमा राखेको छ । ख्रीष्टियानिटी मात्र संसारमा भएको त्यस्तो धर्म हो जसको संस्थापक मृतकबाट बौरी उठ्नु भएको थियो । यसले उहाँको दावाहरुलाई ठीक ठहऱ्याउँछ, उहाँका प्रतिज्ञाहरुलाई साँचो ठहऱ्याउँदछ र उहाँको धर्मलाई प्रमाणित गर्दछ ।

तेश्रो, पत्रुसले **अगमवाणीका प्रमाणहरुद्वारा** तर्क गरेका थिए । उनले भजनसंग्रह १६:८-११, एउटा अगमवाणी जसले ख्रीष्टको पुनरुत्थानको भविष्यवाणी गर्दछ, उल्लेख गरेका थिए :

> मैले प्रभुलाई सधैं मेरो सामने देखें, किनभने म नडगमगाऊँ भनेर उहाँ मेरो दाहिनेतर्फ हुनुहुन्छ । यसकारण मेरो हृदय आनन्दित र मेरो जिब्रो हर्षित भयो । यसबाहेक मेरो शरीरले पनि आशामा जिउनेछ । किनकि तपाईले मेरो प्राणलाई पातालमा छोड्नुहुनेछैन, नता तपाईले आफ्ना पवित्र जनको शरीर कुहुन दिनुहुनेछ । तपाईले मलाई जीवनको मार्गहरु बताउनुभयो, तपाईले मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले गद्गद् पार्नुहुनेछ (प्रेरित २:२५ ख-२८) ।

आफ्नो अगमवाणीमा, दाऊदले प्रथम पुरुषमा बोलेका छन् । सतहमा, उनले आफ्नै बारेमा बोलेको हुन् कि जस्तो देखिन सक्दछ । दाऊदले आफैनै बारेमा बोलिरहेका थिएनन् भन्ने दुइ तथ्यहरुलाई उल्लेख गरेर देखाएका छन् । पहिलो, उनले दाऊदको मृत्युलाई उल्लेख गरेका छन्, जसले भविष्यवाणी गरेका थिए, उनी मरेका थिए र गाडिएका थिए अहिलेसम्म पनि उनी उनको चिहान मै छन् । उनको प्रमाणको रुपमा, उनी दाऊदको चिहान देखाउँछन्, जुन सबैले देख्ने गरी यरुशलेममै अवस्थित थियो (प्रेरित २:२९) । दोश्रो, उनले परमेश्वरले दाऊदसँग गर्नुभएको प्रतिज्ञा उनीहरुलाई स्मरण गराउँदछन् (प्रेरित २:३०) । परमेश्वरले दाऊदसँग उनको एउटा वंशले अन्तत उनको सिंहासन प्राप्त गर्नेछन् भनी प्रतिज्ञा गर्नुभएको थियो (२ शमूएल ७:१२) । यो प्रतिज्ञा, पत्रुस भन्दछन्, ख्रीष्टमा पूरा हुन आएको छ, किनभने परमेश्वरले उहाँलाई मृतकबाट जीवित पार्नुभएको थियो (प्रेरित २:३१) र उहाँलाई आत्मिक सिंहासनमा आफ्नो दाहिने बाहुलीतर्फ राख्नुभयो । येशू यस संसारमा दाऊदको व्रशमा आउनुभएको थियो र अहिले स्वर्गमा आत्मिक सिंहासनमा परमेश्वरको दाहिने बाहुलीतर्फ बस्नुभएको छ र उहाँको पृथ्वीको राज्य, मण्डलीमाथि राजाको रुपमा राज्य गरिरहनुभएको छ ।

पत्रुसले भजनसंग्रह ११०:१ मा भएको अगमवाणीबाट उनको प्रवचनको अन्त्यमा एउटा त्यस्तै किसिमको तर्क गरेका छन् (प्रेरित २:३४-३५) । उनको अगमवाणीको उल्लेखले (भजनसंग्रह १६:८-११, ११०:१) परमेश्वरबाट पठाइनु हुनेको मृतकबाट पुनरुत्थान हुनेछ र परमेश्वरको दाहिने बाहुलीतर्फ उच्च पारिनु हुनेछ भन्ने प्रमाणित गर्दछ । येशूले, उहाँको पुनरुत्थान र स्वर्गारोहणमा पुरानो करारको यी दुवै भविष्यवाणीहरु स्पष्ट रुपले पूरा गर्नुभएको थियो ।

चौथो, पत्रुस साक्षीहरुका प्रमाण प्रस्तुत गर्दछन् । उनी भन्दछन्, “यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो, यस कुराका हामी सबै साक्षी छौं” (प्रेरित २:३२) । पत्रुसले उल्लेख गरेको त्यो अगमवाणी जसले पुनरुत्थानको भविष्यवाणी गरेको छ यहूदीहरुले स्वीकार गर्ने थिए । पत्रुसले ख्रीष्ट मृतकबाट बौरी उठ्नुभएर अगमवाणीको त्यो अंश पूरा गर्नुभएको थियो भनी सहमत गराउन चाहिरहेका थिए । उनले आफ्नो श्रोताहरुलाई येशू मृतकबाट जीवित भै उठ्नुभएको हो भन्ने आँखाले देखेको साक्षीको सामना गर्न बाध्यपारेका थिए । यो साक्षी उच्च प्रकृतिको प्रमाण हो । कुनै पनि विश्वसनीय कानूनको न्यायालयले उसको साक्षीको विरुध्दमा प्रमाणहरु देखा नपरेसम्म साक्षीका प्रमाणहरुलाई स्वीकार गर्ने गर्दछ । परमेश्वरले उहाँको पुत्रको पुनरुत्थान उहाँको वचनमा मात्र दृढतापूर्वक उल्लेख गर्नुभएको छैन, तर उहाँले आफ्नो वचनमा साक्षीहरुका ती गवाहीहरु पनि राख्नुभएको छ जसले, मृतकबाट भएको उहाँको पुनरुत्थान पछि, उहाँलाई देखेका थिए, उहाँलाई छोएका थिए, उहाँसँग खाएका थिए, र उहाँसँग अध्ययन गरेका थिए । त्यस्तो साक्षीलाई कसले इन्कार गर्न सक्छ ?

पाँचौं, पत्रुसले **पवित्र आत्मा ओर्लिआउनु भएको साक्षी** तर्फ पनि इंगित गरेका छन् । उनी भन्दछन्, “यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईहरु देख्नु र सुन्नुहुन्छ” (प्रेरित २:३३) । ख्रीष्टले स्वर्गतर्फ प्रस्थान गर्नु केही अघि, उहाँले पिताले गर्नुभएको प्रतिज्ञा प्रेरितहरुलाई पठाउने प्रतिज्ञा गर्नुभएको थियो (लूका २४:४६-४९) । भिडले आत्मा खन्याइनुभएको परिणाम देखेका र सुनेका थिए । यसरी उनीहरुले येशू पिताको दाहिने बाहुलीतर्फ उक्लनुभएको, पिताबाट प्रतिज्ञा गरिनुभएको आत्मा प्राप्त गर्नुभएको र त्यसपछि प्रेरितहरुमाथि आत्मा पठाउनुभएको आश्चर्यजनक रुपमा प्रमाणित भएको देखेका थिए ।

यी प्रमाणका पाँच पंक्तिहरुले अस्वीकार गर्न नसकिने निष्कर्ष स्थापित गर्दछन् । पत्रुस “त्यसैकारण” भन्ने शब्दका साथ तिनीहरुको ध्यान यस निष्कर्षमा केन्द्रित गर्दछन् । कसैले भनेका छन्, “जब तपाई नयाँ करारमा “त्यसैकारण” भन्ने शब्द देख्नुहुन्छ, तपाई **त्यहाँ के** छ भनी रोकिनु होस्, किनभने **त्यहाँ जहिले पनि त्यसको** एउटा कारण हुन्छ ।” पत्रुसले भनेका थिए, “त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस् कि येशू, जसलाई तपाईहरुले क्रूसमा टाँग्नुभयो, परमेश्वरले

उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो" (प्रेरित २:३६) । उहाँका आश्चर्यजनक कामहरु, उहाँको मृतकबाट भएको पुनरुत्थान, उहाँले पूरा गर्नुभएको अगमवाणी, साक्षीहरुको बयानहरु र आत्माको आगमन आदिले येशू नै परमेश्वरबाट प्रतिज्ञा गरिनुभएको जन हुनुहुन्छ र उहाँ नै प्रभु हुनुहुन्छ भन्ने प्रमाणित गर्दछन् ।

यो **सर्वदा भनिएको अर्को महान कथाको** खण्डको अर्थ हाम्रो निम्ति के हुन्छ ? के यसले हामीलाई ख्रीष्ट नै ख्रीष्टियानिटीको केन्द्र हुनुहुन्छ भन्ने कुरामा सहमत बनाउँदैन र ? जब कसैले येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने प्रमाणित गर्दछन् भने उनले ख्रीष्टियानिटीको विश्वसनीयतालाई प्रमाणित गर्दछन् । यदि पत्रुसले ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्थ्यो, जो हाम्रो पापाको निम्ति मर्नुभएको थियो र मृतकबाट बौरी उठ्नुभएको थियो भन्ने प्रमाणित नगरेको भए, ख्रीष्टियानिटी त्यसको जन्मको दिन मै मरिसक्ने थियो होला !

## अध्याय तीन
## "गहिरो क्रन्दन"

**सर्वदा भनिएको अर्को महान कथा**मा भएको तेश्रो अध्यायलाई "गहिरो क्रन्दन" नामाकरण गरिएको छ । पत्रुसका श्रोताहरु मध्ये धेरै उनको प्रवचन सुनेर गम्भिर रुपमा विचलित भएका थिए । उनीहरुको विवेकमा चोट लागेर पत्रुस र अरु प्रेरितहरुसँग कराउँदै भनेका थिए ।

लूका लेख्छन्, "यो कुरा सुनेर तिनीहरुको हृदय छियाछिया भयो, अनि पत्रुस र अरु प्रेरितहरुलाई तिनीहरुले भने, 'ऐ भाइ हो, हामीले के गर्ने ?'" (प्रेरित २:३७) । दि किङ्ग जेम्स भर्सन बाइबलले तिनीहरुको "हृदय घोंचिएको थियो" भनी भन्दछ । यो घोंचिनु भनेको कसैको हात सियोले अथवा काडाले घोंचेको जस्तो होइन । यो त एउटा भनाइ हो जसको अर्थ भनेको हृदय टुक्रा-टुक्रा हुनु अथवा एउटा वाण हृदयको वारपार हुनु जस्तै हो । यो जस्तै वाक्यांश अर्को प्रसंगमा प्रेरित ७:५४ मा पनि प्रयोग भएको छ : "जब तिनीहरुले यी कुरा सुने तब तिनीहरु क्रुध्द भए र रिसले दाह्रा किटन् लागे ।" यस घटनामा यहूदीहरुले स्टिफनसको प्रवचन प्रति रिसाएर प्रतिकृया जनाएका थिए । तिनीहरुको हृदय रिसले भरिएको थियो, तिनीहरु घृणाले भरिएका थिए । ती यहुदीहरु जसले पत्रुसको प्रवचनप्रति प्रतिकृया जनाएका थिए, यद्यपि, दोषले आकुल व्याकुल भएका थिए, तिनीहरु अपराध बोधले व्याकुल भएका थिए ।

सम्भवत ती मानिसहरु जो कराएका थिए, वास्तवमा तिनीहरुले पत्रुसको प्रवचनमा व्यवधान खडा गरेका थिए । व्यवधानलाई सधैं मनपराइँदैन, तर वास्तवमा यो त एउटा आशिषित् व्यवधान थियो । एक दिन एकजना प्रचारकले प्रचार गरिरहेका थिए, जब एक जना मानिसले "के म अहिले वप्तिष्मा लिन सक्छु ?" भन्ने प्रश्न गर्दै व्यवधान खडा गऱ्यो । ती प्रचारक रोकिए, सोझै त्यस मानिसलाई हेरे र भने, "मेरो प्रवचन रोकिन सक्छ । यदि तपाई बप्तिष्मा हुन चाहनुहुन्छ भने, हामी यो प्रवचन यही रोक्ने छौं र तपाईलाई ख्रीष्टमा बप्तिष्मा दिने छौं । त्यसपछि हामी फर्कि आउने छौं र म प्रवचन पूरा गर्ने छु ।" यस प्रकारको व्यवधान एउटा बाधा होइन तर एउटा प्रेरणा हुन्छ ।

उनीहरुको प्रश्न उत्तेजनाले भरिएको थियो । तिनीहरुले उदासीनताका साथ प्रश्न गरेका थिएनन्, "हामले के गर्ने ?" तिनीहरुको प्रश्न त यस प्रकारको थियो, "ओहो हामीले के गर्ने ? हामी त समस्यामा छौं, के हाम्रो निम्ति केही आसा छ ?" उनीहरुको प्रश्न पूर्ण गम्भिरतासाथ सोधिएको थियो ।

तिनीहरुको प्रश्नलाई ध्यानपूर्वक हेर्नुहोस् : "ए भाइ हो, हामीले के गर्ने ?" उनीहरुले संगि यहूदीहरुलाई सम्बोधन गरिरहेका थिए, त्यसैले, तिनीहरुले "भाइ हो" भन्ने शब्द प्रयोग गरेका थिए । यसको प्रयोजन जातिगत् हुन्छ, धार्मिक होइन । तिनीहरुले परमेश्वरको अघि डरलाग्दो अवस्थामा छौ भनी महशुस गरेका थिए । तिनीहरु मसीहलाई क्रूसमा टाँग्न सहभागी भएका थिए, ती मुक्तिदाता

जसलाई परमेश्वरले यस पृथ्वीमा पठाउनुभएको थियो । पत्रुसको प्रवचनले उनका श्रोताहरुको पापलाई एउटा ठूलो अक्षरमा जस्तै गरी तिनीहरुकै अघि राखिदिएको थियो (प्रेरित २:२३) ।

तपाईले आफ्नो जीवनमा धेरै महत्वपूर्ण प्रश्नहरु सोध्नुपर्ने र जवाफ दिनु पर्ने हुन्छ, तर के तपाईले नयाँ करार अनुसारको "मैले उध्दार पाउन के गर्नुपर्छ ?" भन्ने प्रश्न गर्नुभएको र जवाफ दिनुभएको छ । पेन्तिकोसको दिनमा त्यहाँ भएका अरुहरुले पनि पत्रुसको प्रवचन सुनेका थिए होलान् र पेन्तिकोसको आश्चर्यजनक घटना पनि देखेका थिए होलान् तर तिनीहरु दोषको सामना नगरी र यो प्रश्न नसोधी फर्केर हिँडेका थिए । एउटा व्यक्तिको जीवनमा भएको पाप एउटा दु:खदायी कुरा हो, यस्तो दु:खदायी कुरा जसको निम्ति खीष्ट यस संसारमा आउनुभयो र त्यसको प्रायश्चित भएर (दाम तिर्न) क्रूसमा मर्नुभयो । त्यसभन्दा पनि अर्को ठूलो दु:खदायी कुरा छ । जब कसैले परमेश्वरको अघि उनको दोषको सामना गर्न र उनको दोषको निम्ति परमेश्वरले दिनुभएको समाधानलाई अस्वीकार गर्दछन्, उनले सबैभन्दा दु:खद कुराको अनुभव गर्दछन् ।

## अध्याय चार
## "प्रेरणा-प्राप्त उत्तर"

सर्वदा भनिएको अर्को महान कथामा भएको चौथो अध्यायलाई "प्रेरणा प्राप्त उत्तर" नाम दिइएको छ । पवित्र आत्माबाट अगुवाई गरिएर, अपराधी सावित भएको भिडको प्रश्नको उत्तर पत्रुसले स्पष्ट रुपमा दिएका छन् : "पश्चाताप गर र तिमीहरुको पाप-क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिष्मा लेऊ र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रेरित २:३८) ।

उहाँको स्वर्ग-आरोहण हुनुभन्दा केही अघि, हाम्रा प्रभुले जसलाई अक्सर गरेर महान आज्ञा भनिन्छ, दिनुभएको थियो । यो महान आज्ञा बारेमा तीनवटा पूर्ण लेख नयाँ करारमा दिइएको छन् : मत्ती २८:१८-२०, मर्कूस १६:१५-१६, र लूका २४:४६, ४७ । प्रत्येक लेखले फरक कुराहरुमा जोड दिएको छ । मर्कूस १६:१५, १६ ले विश्वासको अवस्थामा जोड दिन्छ । लूका २४:४६, ४७ ले पश्चाताप र पापक्षमामा जोड दिन्छ । मत्ती २८:१८-२० ले बप्तिष्मालाई प्राथमिकता दिएको छ । यी तीन लेखहरुले के संकेत गर्दछन् भने कि परमेश्वरको अनुग्रहबाट प्राप्त हुने मुक्ति अथवा पापको क्षमा विश्वास, पश्चाताप र बप्तिष्माको तीन सर्तहरुमा उपलब्ध गराइएको छ । महान आज्ञाका यी लेखहरुका शब्दहरुले यसलाई गलत रुपमा बुझ्ने शंकामा छोडेका छैनन् ।

महान आज्ञामा प्रकट गरिएका सबै तीन अवस्थाहरु पत्रुसले दिएको तिनीहरुको प्रश्नको उत्तरमा देखिन्छन् । खीष्टमा भएको विश्वास पत्रुसको प्रवचनद्वारा तिनीहरुको हृदयमा जन्माइएको थियो र यो विश्वासले निर्देशनको निम्ति कराउन तिनीहरुलाई उत्प्रेरित गरेको थियो । यहूदीहरुको प्रश्नप्रतिको पत्रुसको उत्तरले, त्यसैकारण, विशेष रुपमा पश्चाताप र बप्तिष्मालाई उल्लेख गरेको छ, अरु दुई सर्तहरु महान आज्ञामा उल्लेख गरिएका छन् । उनले भनेका छन्, "पश्चाताप गर र तिमीहरुको पापक्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिष्मा लेऊ, ..." (प्रेरित २:३८) । ध्यान दिनुहोस् पत्रुसले उनको उत्तरमा पापको क्षमा अथवा हटाइने कुरालाई कहाँ राखेका छन् । उनले मुक्ति अथवा पापक्षमालाई बप्तिष्मा अघि प्रतिज्ञा गरेका छैनन, तर पछि गरेका छन् । पत्रुस पवित्र आत्माबाट अगुवाई गरिएका थिए, र उनले दिएको उत्तर पवित्र आत्माको उत्तर हो, उनको होइन ।

कराउनेहरुलाई दिइएको उत्तर एकदमै स्पष्ट छ त्यसैले गलत रुपमा बुझ्नै सकिँदैन । यो उत्तरको शक्ति र प्रभावलाई छल्नको निम्ति केही धार्मिक अगुवाहरुले प्रेरित २:३८ मा भएको "निम्ति" शब्द ग्रीकबाट अनुवाद गरिएको हो जसको अर्थ "पाउनको निम्ति" होइन तर "कारणले गर्दा" हुन्छ भन्दछन् । ग्रीक शब्द eis "निम्ति" अथवा "पाउनको निम्ति" भन्ने वाक्यांशको रुपमा विश्वस्त रुपमा अनुवाद गरिएको छ जसलाई असंख्य बाइबलका अनुवादहरुलाई तुलना गरेर पनि देख्न सकिन्छ । तिनीहरुलाई एक-अर्कामाथि थुपार्ने हो भने - तिनीहरु सबैले ग्रीक शब्द eis "निम्ति" "पाउनको निम्ति"

अथवा त्यस्तै समान वाक्यांश नै प्रतिपादन गर्दछन् । कुनैले पनि "कारणले गर्दा" भन्ने अर्थ दिँदैनन् । पत्रुसको उत्तरले स्पष्ट रुपमा पापक्षमालाई बप्तिष्माको पछि राखेको छ । आउनुहोस् यस प्रश्नको परमेश्वरको उत्तरलाई खडा रहन दिऔं र कसैलाई त्यसभन्दा पर गएर वर्णन गर्ने अधिकार नदिऔं ।

कसैले भनेका छन् नयाँ करारको प्रत्येक पदको एउटा जुम्ल्याहा छ । यो सधै साँचो हुँदैन, तर यसमा केही सत्यता भने छ । केही नयाँ करारका पदका जुम्ल्याहा पनि छन्, र जब हामी ती जुम्ल्याहालाई हेर्दछौं हामी त्यही सत्यलाई अर्को तर्फबाट भन्ने तरिका हेरिरहेका हुन्छौं । प्रेरित २:३८ को जुम्ल्याहा को हो त ? त्यो प्रेरित २२:१६ हो । शाऊल उनको "हे प्रभु अब म के गरुँ ?" भन्ने प्रश्नको उत्तर खोज्दै दमस्कस आइपुगेका छन् (प्रेरित २२:१० क) । त्यसबेला उनी एउटा विश्वासी थिए, किनभने उनले प्रभुलाई देखेका थिए, बोलेका थिए र दोषी सिध्द गराइएका थिए । उनले पश्चाताप गरेको उनले प्रभुलाई सोधेको प्रश्नले संकेत गरेको छ । उनले यहाँसम्म कि प्रभुलाई स्वीकार पनि गरेका थिए, यो पनि उनको प्रश्नमा प्रष्ट देखिन्छ, तर पनि उनलाई दमस्कस जान भनिएको थियो, जहाँ उनलाई के गर्ने भनी बताइन लागिएको थियो । उनले तीन दिनसम्म प्रार्थना र पश्चाताप गर्दै दमस्कसमा पर्खेका थिए । हननियालाई उत्तरका साथ उनकहाँ पठाइएको थियो । हननियाले उनलाई के भनेका थिए ? जुन उत्तर हननियाले उनलाई दिएका थिए, त्यसलाई तपाई प्रेरित २:३८ को जुम्ल्याहा पनि भन्न सक्नुहुन्छ । उनले भनेका थिए, "त अब किन पर्खनुहुन्छ ? उठ्नुहोस् र बप्तिष्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस् ।" यदि बप्तिष्मा पाप क्षमाको निम्ति हो भन्नेमा कुनै शंका छ भने, प्रेरित २२:१६ ले यस प्रश्नलाई सदाको निम्ति विश्राम दिनेछ ।

एउटा जवान मानिसले जो एउटा निजी धार्मिक कलेजमा अध्ययन गरिरहेका थिए एकपल्ट उनका प्रोफेसरले बप्तिष्मा पापक्षमाको निम्ति होइन भनी विश्वास गर्दछन् र यो सिध्दान्त उनको कक्षामा सिकाइरहेका छन् भनेका थिए । कसैले उनलाई सोधेछन्, "यसबारेमा तपाईले के गर्नुभयो त ?" उनले भनेछन्, "मैले यसबारेमा के गर्ने भनेर आफ्नी आमालाई सोधें र उहाँले म कक्षाको पछि उहाँकहाँ गएर प्रेरित २:३८ लाई व्याख्या गर्न अनुरोध गर्न भन्नुभयो । मैले त्यसै गरें । मैले आफ्नो बाइबल खोलें र प्रेरित २:३८ निकाले, कक्षापछि उहाँकहाँ गएँ र आदरकासाथ त्यसको व्याख्या गर्न उहाँलाई अनुरोध गरें । उहाँले प्रेरित २:३८ को वास्तविक अर्थ पापक्षमा भएको 'कारणले गर्दा' हो र पाप क्षमाको 'निम्ति' होइन भन्नुभयो । म घर गएँ, उहाँले जे भन्नुभएको थियो त्यो आमालाई भने र उहाँले म फेरी उहाँकहाँ गएर उहाँलाई प्रेरित २२:१६ को व्याख्या गर्न अनुरोध गर्न भन्नुभयो । म कक्षापछि मेरो बाइबल प्रेरित २२:१६ मा खुला राखेर उहाँको पछि लागें र आदरपूर्वक उहाँलाई त्यो पदको व्याख्या गर्न अनुरोध गरें । के तपाईलाई थाहा छ ती प्रोफेसरले के भने ? उनले भने उहाँले त्यो पदको व्याख्या गर्ने प्रयास गर्नुहुँदैन तर त्यसलाई फड्को मारेर अर्को पदमा जानुहुन्छ ।" प्रेरित २२:१६ लाई व्याख्या गरेर मात्र धर पाइन्न । यसलाई कि स्वीकार गर्नुपर्छ अथवा अस्वीकार गर्नुपर्छ ।

पत्रुसले यस प्रश्नको उनले दिएको उत्तर परमेश्वरले खीष्टियान युग, मानव इतिहासको अन्तिम युगको निम्ति दिनुभएको उत्तर थियो भन्ने कुराको संकेत गरेका छिन् । उनी भन्दछन्, "किनकि प्रतिज्ञा तिमीहरुका निम्ति, तिमीहरुका सन्तानको निम्ति र टाढा-टाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ" (प्रेरित २:३९) । "तिमीहरु र तिमीहरुका सन्तान" एउटा यस्तो कथन हो जसले ती यहूदीहरु जसले सुसमाचार तर्फ प्रतिकृया जनाउन लागेका थिए उनीहरुलाई सम्बोधन अथवा समावेश गर्दछ र "टाढा-टाढामा रहेका सबैका निम्ति" एउटा यस्तो कथन हो जसले अवश्य नै अन्य जातिहरुलाई सम्बोधन अथवा समावेश गर्दछ, जसले उपयुक्त समयमा सुसमाार सुन्न, स्वीकार गर्न र पालन गर्न लागेका थिए । "प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनु हुन्छ" एउटा यस्तो वाक्यांश हो जसले भविष्यमा सुसमाचारलाई स्वीकार गर्ने र खीष्टमा आउने सबै यहूदीहरु र अन्य जातिहरुलाई समेटेको छ । यदि अन्य जातिहरु "टाढा-टाढा रहेका सबै" भन्ने वाक्यांशमा समेटिएका छैनन् भने पनि, तिनीहरु निश्चयनै पत्रुसको "प्रत्येक जसलाई" भन्ने वाक्यमा समेटिएका छन् । पत्रुसले पेन्तिकोसको दिनलाई मात्र परमेश्वरको योजनाको घोषणा गरेका थिएनन् तर खीष्टियान युगको भविष्यको सबै दिनका निम्ति गरेका थिए । यसरी उनले "मैले उध्दार पाउन के गर्नु पर्दछ ?" भन्ने प्रश्नको ईश्वरीय उत्तर दिएका छन् ।

## अध्याय पाँच
## “अद्‌भुत प्रतिकृया”

सर्वदा भनिएको अर्को महान कथा नामक पुस्तकको पाँचौं अध्यायको शीर्षक “अद्‌भुत प्रतिकृया” राखिएको छ । लूकाले पहिलो पल्ट प्रचार गरिएको मुक्तिको सुसमाचारलाई आश्चर्यजनक रुपमा स्वीकार गरिएको बारेमा बताएका छन् । उनी भन्दछन्, “तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरुले बप्तिष्मा लिए र त्यसै दिन प्रायः तीन हजार मानिसहरु तिनीहरुको संख्यामा थपिए” (प्रेरित २:४१) ।

हामीलाई पत्रुस र अरु प्रेरितहरुले त्यो बिहान कति लामो समयसम्म प्रचार गरेका थिए भनिएको छैन । लूका लेख्दछन्, “अरु धेरै कुराहरुद्वारा उनले तिनीहरुलाई गवाही दिए र यसो भनेर अर्ती दिए ‘यस दुष्ट पुस्ताबाट तिमीहरुले आफैलाई बचाओ’” (प्रेरित २:४०) । पत्रुसले तिनीहरुबाट प्रमाण र तर्कद्वारा विश्‍वासमात्र दिलाएनन्, उनले तिनीहरुलाई साक्षी र अर्तीद्वारा बाध्य पनि पारेका थिए ।

सुनिरहेका श्रोताहरुले पत्रुसको सन्देश स्वीकार गरेर त्यस अनुसार काम गरेका थिए । लूकाले वर्णन गरेका छन्, “तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरुले बप्तिष्मा लिए, र त्यसै दिन प्राय तीन हजार मानिसहरु तिनीहरुको संख्यामा थपिए” (प्रेरित २:४१) । यी मानिसहरुले वचन सुनेका मात्र थिएनन्, तिनीहरुले त्यसलाई पालन गरेका थिए (याकूब १:२५) । तिनीहरुले त्यसलाई सुनेका मात्र थिएनन्, तिनीहरुले त्यस अनुसार जीउने निर्णय गरेका थिए । यो कति दुःखदायी कुरा हो कि धेरै जसो मानसले जहिले पनि प्रवचनलाई सुन्ने मात्र काम गर्दछन् । केही, कममा पनि, त्यस ठूलो भिडमा भएकाहरु जसले पत्रुसले प्रचार गरेको सुनेका थिए उनको सन्देशद्वारा सहमत मात्र भएका थिएनन् तर तिनीहरुको मनको अधिनमा रहेर र सन्देश अनुसार जीएर, ख्रीष्टमा परिवर्तन भएका थिए ।

तीन हजार जनाले खुसीसाथ वचन ग्रहण गरेका थिए र बप्तिष्मा लिएका थिए । परिवर्तन हुनुभन्दा अघि, कसैले मुक्तिको वचन खुसीका साथ ग्रहण गर्नै पर्दछ । धेरै मानिसहरु ख्रीष्टमा परिवर्तन हुन नसकेको एउटा प्रमुख कारण के हो भने कि मानिसहरुले खुसीका साथ वचनलाई तिनीहरुको हृदयमा ग्रहण गरेका हुँदैनन् । यदि त्यसलाई खुसीका साथ ग्रहण गरिन्छ भने वचनले सधैं त्यसको काम गर्नेछ ।

## अध्याय छ
## “प्रतिज्ञा गरिएको शरीर”

यस पुस्तकको छैठौं अध्यायलाई “प्रतिज्ञा गरिएको शरीर” शीर्षक दिइएको छ । ख्रीष्टमा बप्तिष्मा भएका तीन हजार जनालाई लूकाले मण्डलीको रुपमा वर्णन गरेका छन् ।

अगमवक्ताहरुले परमेश्‍वरको अद्वितीय राज्य आउँदैछ भनी भविष्यवाणी गरेका थिए (दानिएल २:४४) । बप्तिष्मा दिने यूहन्नाले, जब उनले आउन लाग्नुभएको मसीहको निम्ति मार्ग तयार गर्दै थिए, स्वर्गको राज्य नजीक आएको छ भनी घोषणा गरेका थिए (मत्ती ३:१, २) । उहाँको सेवाकाईको समयमा ख्रीष्ट, परमेश्‍वरबाट पठाइनुभएको मसीह स्वयम्‌ले पनि, पश्‍चाताप गर किनभने स्वर्गको राज्य नजीक आइपुगेको छ भनी घोषणा गर्नुभएको थियो (मत्ती ४:१७) । उहाँको मृतकबाट पुनरुत्थान भैसकेपछि, उहाँको स्वर्गारोहण अघिको चालिस दिनको समयमा, ख्रीष्टले प्रेरितहरु र चेलाहरुसँग आउन लागेको राज्यको बारेमा कुरा गर्नुभएको थियो (प्रेरित १:३) । उहाँका प्रेरितहरुलाई भनिएका अन्तिम वचनहरुमा, ख्रीष्टले पिताले जे प्रतिज्ञा गर्नुभएको थियो त्यसको निम्ति पर्खनु भनी तिनीहरुलाई भन्नुभएको थियो ( प्रेरित १:४) । उहाँ स्वर्गतर्फ उचालिनु भएको दश दिनपछि एउटा आइतबारको बिहानमा, पवित्र आत्माको खन्याहटका साथ (प्रेरित २:१-४), ख्रीष्टको पुनरुत्थान पछिको पहिलो सुसमाचार प्रचार (प्रेरित

२:१४-३६) र तीन हजार जनाले सुसमाचार प्रति प्रतिक्रिया जनाएपछि, मण्डलीको जन्म भएको थियो । तिनीहरु जो खीष्टको रगतद्वारा धोइएका हुन्छन् जब तिनीहरुले सुसमाचारको आज्ञापालन गर्दछन् खीष्टको मण्डली बनेका हुन्छन् । त्यस दिनदेखि यस दिनसम्म, प्रत्येकपल्ट जब कसैले सुसमाचार सुन्छन् र उनले विश्वास, पश्चाताप र येशूलाई परमेश्वरको पुत्रको रुपमा स्वीकार गरी खीष्टमा बप्तिष्मा लिएर खुसीका साथ आज्ञापालन गर्दछन् भने, उनी तिनीहरुको संख्यामा थपिएका हुन्छन् (प्रेरित २:४७) - ती पहिलोहरुमा, ती तीनहजारमा जो शुरुवातमा पेन्तिकोसमा खीष्टमा आएका थिए ।

पेन्तिकोसबाट अगाडी प्रेरितमा मण्डलीको बारेमा एउटा विद्यमान र समकालीन वास्तविकताको रुपमा कुरा गरिएको छ, प्रतिज्ञा अथवा अगमवाणीको रुपमा होइन । लूकाको अध्याय २ को अन्त्यमा भनेका छन्, "... उध्दार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो" (प्रेरित २:४७) । पत्रुसको दोश्रो प्रवचनको अन्त्यमा प्रेरितमा अभिलेख गरिएका अनुसार, लूकाले लेखेका छन्, "तर वचन सुन्नेहरुमध्ये धेरैले नै विश्वास गरे, र विश्वास गर्ने मानिसहरुको संख्या प्राय पाँच हजार भयो" (प्रेरित ४:४) । हननिया र सफीराको मृत्युपछि (प्रेरित ५:१-१०), लूका लेख्दछन्, "सारा मण्डलीमाथि र यी कुरा सुन्ने सबैमाथि ठूलो डर छायो" (प्रेरित ५:११) । जब स्टिफनसलाई ढुङ्गाले हानेर मारिएपछि सतावट बढेर गयो (प्रेरित ६:८-७:६०), लूकाले भनेका छन्, "... त्यसै दिन यरुशलेममा भएका मण्डलीको विरुध्दमा ठूलो सतावट शुरु भयो र प्रेरितहरुबाहेक तिनीहरु सबै यहूदीया र सामरियाका इलाकातिर छरपष्ट भए" (प्रेरित ८:१) । लूकाले भने अनुसार, त्यसबेला मण्डली, परमेश्वरको अद्वितीय राज्य, आइसकेको थियो ।

यसो भनिएको छ कि एक दिन एक जना महान प्रचारक, मार्शन किब्ली कहाँ गएर, उहाँको मुटुतर्फ हातले देखाउँदै भनेछन्, "किब्ली दाजु म त्यसलाई महसुस गर्न चाहन्छु । यही नै त्यसलाई महसुस गर्न चाहन्छु ।" दाजु किब्लीसँग जब उहाँलाई त्यसरी मौका मिल्दथ्यो उहाँसँग बिर्सन नसक्ने किसिमले प्रतिकृया जनाउने अद्भुत क्षमता थियो । आफ्नो बाइबललाई देखाउँदै उहाँले त्यस व्यक्तिलाई जवाफ दिनु भएछ, "म त यसलाई पढ्न चाहन्छु, म यसलाई अहिले पढ्न चाहन्छु ।" महसुस गर्नु, निश्चय नै महत्वपूर्ण कुरा हो, तर हामीले त्यसलाई अगुवाई गर्न दिनुहुँदैन । बाइबल, परमेश्वरको वचनले मात्र, हामीलाई अगुवाई गर्नु पर्दछ । जब हाम्रो अनुभव उहाँको वचन इमानदारीका साथ ग्रहण र आज्ञापालनमाथि आधारित हुन्छ भने, हामीसँग नयाँ करारमा भनिएको साँचो आनन्द हुन्छ ।

## निष्कर्ष

हामी सर्वदा भनिएको अर्को महान कथा नामक पुस्तक बन्द गर्नेछौं र हामीले जे पढेका छौं त्यसबारे सोच्न थाल्छौं । हामीमाथि यो हामीले हाम्रो स्थानीय अथवा राष्ट्रिय पत्रपत्रिकाहरु वा टेलिभिजनमा देख्ने कुनै पनि हामीले सोचेको कुरा भन्दा धेरै नै महत्वपूर्ण कुरा हो भन्ने स्वरुपमा प्रकट हुँदछ । हामीले यथार्थमा विगत्लाई ढाकेको पर्दा हटाउन सफल भएका हुन्छौं र प्रेरितको प्रेरणा प्राप्त पुस्तकद्वारा, संसारको इतिहासमा भएको अति नै ऐतिहासिक र महान घटना, येशूको जीवन, मृत्यु र पुनरुत्थानपछिको अर्को महान घटना देख्दछौं । हामी वास्तविक रुपमा, त्यो अद्भूत, लामो समयदेखि प्रतिक्षा गरिएको परमेश्वरको मण्डली शुरु भएको साक्षी भएका छौं । यसको शुरुवातको साथै मानव इतिहासको अन्तिम युग, खीष्टियान युग अथवा "अन्त्यको दिनहरुको" युग पदार्पण भएको पनि हामीले देख्यौं ।

यसपछि आउने अर्को पुस्तक यो हामीले पढेको पुस्तक जस्तै महत्वपूर्ण छ । यसलाई हामीले **सर्वदा भनिएको महान कथाको तेश्रो भाग** पनि भन्न सक्दछौं । यो तपाई खीष्टमा परिवर्तन भएको कथा, तपाई येशूले स्थापना गर्नुभएको मण्डलीको अंग हुनुभएको कथा हुनेछ । यो कथा, निश्चय नै हामी प्रत्येकको निम्ति फरक हुनेछ । हामी मध्ये धेरै जनाको निम्ति यो कथा सरल रुपमा लेखिएको हुन सक्छ, तर हामीहरु मध्ये अरुहरुको निम्ति भने त्यति सजिलै लेखिएको हुनेछैन, किनभने त्यो हामीमा

घटित भएकै हुँदैन । तपाई कस्तो अवस्थामा हुनुहुन्छ ? के त्यो कथा तपाईमा घटित भएको छ ? के तपाई नयाँ करारको ख्रीष्टियान हुनुभएको छ ?

यदि तपाई नयाँ करारको ख्रीष्टियान हुनुभएको छैन भने, अब तपाईलाई कसरी हुने भन्ने कुरा थाहा छ । तपाईले खुसीकासाथ सुसमाचारको वचन ग्रहण गरेर र त्यसप्रतिको तपाईको आज्ञा पालनाद्वारा, तपाई परमेश्वरको राज्यमा जन्मन सक्नुहुन्छ, त्यसै स्वर्गीय राज्यमा जसलाई हामीले प्रेरित २ मा देखेका छौं ।

## अध्ययन प्रश्नहरु

१. कुन अर्थमा मण्डली स्थापना भएको कुरा हामी सर्वदा भनिएको अर्को महान कथा हो भनी भन्न सक्दछौं ?
२. पेन्तिकोसको दिनमा प्रेरितहरुमात्र पवित्र आत्माद्वारा बप्तिष्मा भएका थिए भनी तपाई के प्रमाण दिन सक्नुहुन्छ ?
३. प्रेरितहरु पवित्र आत्माबाट बप्तिष्मा हुनुको ईश्वरीय कारण के थियो छलफल गर्नुहोस् ।
४. आज हाम्रो निम्ति प्रेरितहरु पवित्र आत्माबाट बप्तिष्मा हुनुको अर्थ के हुन्छ ?
५. पत्रुसले उनको प्रवचनमा प्रस्तुत गरेको ख्रीष्टको ईश्वरत्व बारेका प्रमाणहरु बारेमा छलफल गर्नुहोस् ।
६. परमेश्वरको मुक्तिको योजनामा ख्रीष्टको पुनरुत्थान कति महत्वपूर्ण छ ? यदि उहाँ मृतकबाट बौरी उठ्नु नभएको भए के हामी कुनै अर्थमा ख्रीष्टलाई परमेश्वरका ईश्वरीय पुत्र हुनुहुन्छ भनी सोच्न सक्थ्यौं ?
७. के तपाई पापी हुनुभन्दा ठूलो अरु कुनै दुःखद कुरा सोच्न सक्नुहुन्छ ?
८. महान आज्ञाका तीन अभिलेखहरुले (मत्ती २८:१८-२०, मर्कूस १६:१५-१६, लूका २४:४६, ४७) मुक्तिको शर्तहरुको बारेमा दिएको फरक-फरक जोडहरुलाई व्याख्या गर्नुहोस् ।
९. प्रेरित २२:१६ ले प्रेरित २:३८ लाई कसरी समर्थन गर्दछ छलफल गर्नुहोस् ।

## शब्द सहायताहरु

**परिवर्तन -** कसैको हृदय परिवर्तन हुने र ख्रीष्टियान हुने कार्य ।

**आश्चर्यकर्मको युग -** त्यो समयकाल जब प्रेरितहरुले र अरुहरु जसमाथि आश्चर्यपूर्ण काम गर्न सकुन् भनी उनीहरुको हात राखिएको थियो । मण्डलीको शिशु अवस्थामा यसो भएको थियो । परमेश्वर आज पनि प्रार्थनाको उत्तर दिनुहुन्छ, आश्चर्यकर्मको युग भने अन्तिम जीवित प्रेरितको मृत्युको साथै समाप्त भयो (एफिसी ४:११-१३, १ कोरिन्थी १३:८-११) ।

**निकोदेमस -** येशूलाई रातमा भेट्न आउने एक जना शिक्षक । येशूले उनलाई परमेश्वरको राज्यमा कसरी प्रवेश गर्ने भनी सिकाउनुभएको थियो (यूहन्ना ३) ।

**प्रकाश/प्रकटीकरण -** पवित्र आत्माबाट प्रकाशित अथवा प्रकट गरिएको सत्य । परमेश्वरले मानिसलाई दिनुभएको प्रकाश बाइबल हो ।